# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिको कार्यालय
सिम्ली, रुकुम(पश्चिम)
कर्णाली प्रदेश, नेपाल


मिति:२०७५/१२/१५

**मिति २०७५/१२/१० गते प्रकाशित भएको गिट्टी, ढुंगा, रोडा, बालुवा संकलन तथा बिक्रि गर्न सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि थप सूचना**

**ठेक्का सम्बन्धी शर्तहरु**

१ दरभाउपत्रका साथ नागरिकताको प्रमाणपत्र, स्थायी लेखा नं. दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर प्रमाणपत्र , आ.व.०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्र, आ.व. ०७४/०७५ सम्मको आर्थिक कारोवारको लेखापरिक्षण प्रतिवेदनका प्रमाणित प्रतिलिपिहरु पेश गर्नुपर्नेछ ।

२ आफुले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्ट लेखिएको हुनुपर्नेछ । कवोल गरेको अङ्कको ५ प्रतिशत रकम यस गाउँपालिकाको नाममा सनराइज बैंक सानीभेरी रुकुम पश्चिम शाखामा रहेको धरोटी खाता नं. ०७७०५३०७८७७०३००४ मा जम्मा गरी दरभाउपत्रका साथ भौचर पेश गर्नुपर्नेछ ।

३ ठेक्का सम्बन्धी लाग्ने कर दस्तुर दरभाउपत्रदाता स्वंयमले व्यहोर्नू पर्नेछ ।

४ ठेक्का स्वीकृत गर्ने वा नगर्ने तथा सुचना संशोधन गर्ने लगायतका निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित हुनेछ ।

५ माथी उल्लेखित ठेक्का नं. अनुसार एउटामात्र वा दुई भन्दा बढि वा सबै ठेक्का एकमुष्ट दरभाउपत्र समेत पेश गर्न सकिने छ ।

६ ठेक्का स्वीकृत भएको मितिले सात ७ दिनभित्र आफुले कवोल गरेको रकम एकमुष्ट गाउँपालिकाको नाममा सनराइज बैंक शाखा कार्यालय सानीभेरी गाउँपालिका रुकुम पश्चिममा रहेको मुल खाता नं. ०७७०५३०७८७७०३००१ मा दाखिला गर्नुपर्नेछ ।

७ यसमा लेखिए बाहेकका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

८ थप जानकारीको लागी मोवाइल नं. ९८५७८२४२५३ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

कुमारी रिमा मल्ल
प्रमुख प्रशासकिय अधिकृत